# गोदावरी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## बज्रवाराही, ललितपुर

# **सार्वजनिक सुनुवाई**

# **प्रतिवेदन**

२०७५/०८/२०

## **परिचय**

नेपाल सरकार मन्त्री परिषद्को मिति २०७३ फाल्गुन २७ गतेको निर्णयअनुसार साविकको गोदावरी नगरपालिका, बज्रवाराही नगरपालिका, कार्यविनायक नगरपालिकाको छम्पी र डुकुछाप तथा साविकको देवीचौर गा.वि.स. मिलाएर गोदावरी नगरपालिका स्थापना भएको हो ।

यस नगरपालिका ८५° १५.८" पूर्वी देशान्तरदेखि ८५° २४.५७" पूर्वी देशान्तर र २७° ३८.५ उत्तरी अक्षांससम्म फैलिएको यस नगरपालिकाको क्षेत्रफल ९६.११ वर्ग किलोमिटर रहेको छ । यस नगरपालिकाको पूर्वमा काभ्रे जिल्ला पश्चिममा काठमाडौंको दक्षिणकाली नगरपालिका र मकवानपुर जिल्ला, उत्तरमा ललितपुर महानगरपालिका र महालक्ष्मी नगरपालिका पर्दछ भने दक्षिण कोन्ज्योसोम र बाग्मती गाउँपालिका पर्दछ । समुन्द्री सतहबाट ४५७ मिटरदेखि २८३१ मिटरसम्म उच्चाई रहेको यस नगरपालिकामा समशितोष्ण किसिमको हावापानी पाइन्छ ।

यस नगरपालिकाले खुल्ला क्षेत्र हरियो भू-भाग र धार्मिक तथा साँस्कृतिक धरोहर भएको क्षेत्र धार्मिक सहिष्णुता कायम भएको शैक्षिक क्षेत्र र हरियाली शहर बन्ने वातावरण र साँस्कृतिक धरोहर भएको छ भने भौगोलिक रूपमा विकट, भिरालो भू-भाग, पहाडी क्षेत्र, उचित रूपमा फोहोर व्यवस्थापन र ढल निर्माण हुन नसकेकोले एकिकृत गुरुयोजना नबन्दा समेत विकास निर्माण गर्न कठिनाई नयाँ नगरपालिका भएको हुँदा क्षमता प्रणाली विधि कर्मचारीको संख्या तथा क्षमताको अभाव आदि कारणले गर्दा विकास निर्माण सोचे जसरी अगाडि बढाउन कठिन भएको छ । आ.व. ०७४/७५ मा यस नगरपालिकाबाट भएका काम कारवाही नगरवासी सामु पस्कने यो सार्वजनिक सुनुवाई प्रतिवेदन प्रस्तुत गरिएको छ ।

## **योजना**

गोदावरी नगरपालिका नयाँ नगरपालिका भएको र नगरपालिकाको श्रोत, साधन समेत न्युन भएको यस अवस्थामा समेत निम्न योजनाहरू आ.व. ०७४/७५ मा सम्पन्न भएको छ ।

०७४/७५ मा ८.५६१ कि.मि. सडक ग्राभेल ०.४४ कि.मि. कालोपत्रे ०.५६ कि.मि. बाटो ढलान ०.४७ कि.मि. सडक नाली निर्माण भएको र सडक स्तरोन्तरी पुनर्स्थापना ०.८८७ कि.मि. भएको छ ।

खानेपानी तर्फका सानो ठूलो योजना गरेर १९ वटा योजना सम्पन्न भएको तथा खानेपानी पाइप लाइन विस्तार १५.७२० कि.मी. सम्पन्न भएको खानेपानी ड्याम्प निर्माण १ वटा तथा

खानेपानी पोखरी निर्माण (RVT) ३ वटा सम्पन्न भएको सिञ्चाई नहरकुलो ०.१३ करिव २.१५ हेक्टर जमिन सिञ्चित हुने सम्पदा पोखरी ५ वटा तथा मन्दिर ८ वटा मर्मत सुधार भएको, विद्यालय भवन २ वटा निर्माण मर्मत भएको, वडा कार्यालय भवन ६ वटा निर्माण भएको, वर्थिङ्ग सेन्टर २ वटा उपस्वास्थ्य चौकी-१ मर्मत निर्माण भएको, सामुदायिक साँस्कृतिक भवन १० वटा सार्वजनिक सौचालय २ वटा निर्माण भएको, चिस्यान केन्द्र निर्माण सुरु भएको, गत आ.व. ०७४/७५ मा कुल जम्मा २४३ योजना सम्झौता भएको र जसमा वडा स्तरिय १९४ तथा नगर स्तरिय ४९ योजनाको काम भएको छ ।

## सहकारी/उद्योग/व्यवसाय तर्फ

गोदावरी नगरपालिका भित्र कुल १२७ वटा कृषि बचत तथा ऋण सहकारीहरू क्रियाशिल रहेको छन् । ढुङ्गा खानी, क्रसर तथा बालुवा खानी गरी जम्मा २८ वटा खानीजन्य उद्योग भएको र बैंक तथा वित्तिय संस्था १५ वटा रहेको छ ।

आ.व. ०७४/०७५ मा यस नगरपालिकामा कुल जम्मा ७२७ उद्योग व्यवसाय यस नगरपालिकामा दर्ता भएको छन् ।

## घर नक्शा तर्फ

आ.व. ०७४/०७५ मा कुल नक्शा दर्ता ३३५४ भएको जसमा अस्थाई २१४२ स्थायी १३६६ तथा सम्पन्न १५८, अलिभेखीकरण दर्ता २५३ लिएको २५२ नक्शा नामसारी सख्या ७१ साविक गाउँविकास समितिमा पास भएका नक्शाहरूको निर्माण सम्पन्नको लागि दर्ता २३१ भएको र निर्माण सम्पन्न २३० लिएको ।

## पञ्जिकरण तर्फ

गोदावरी नगरपालिकाको १४ वडा

वडाहरूमा आ.व. ०७४/०७५ मा निम्नानुसा घटना दर्ता भएका छन् ।

| | |
|---|---|
| जम्मा दर्ता | २२७६ |
| मृत्यु दर्ता | ५६६ |
| विवाह दर्ता | ९१२ |
| सम्बन्ध विच्छेद | २ |
| बसाई सराई दर्ता | २३९ |
| **कुल जम्मा** | **३९९५** |

## प्रशासन तर्फ

यस गोदावरी नगरपालिकामा आ.व. ०७४/०७५ कुल निवेदन दर्ता जम्मा ४५८६ तथा कुल पत्रहरू चलानी संख्या ४९५० भएको छ ।

## महिला बालबालिका

- ✓ महिला बालबालिका तर्फ आ.व. ०७४/०७५ मा जेष्ठ नागरिक कार्ड ६९५ वितरण गरियो ।
- ✓ वडा स्तरीय बाल भेला सम्पन्न गरियो ।

## सामाजिक सुरक्षा भत्ता वितरण

आ.व. ०७४/०७५ मा गोदावरी नगरपालिकाको १४ वटै वडाहरूमा निम्नानुसारको व्यक्तिले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नुभएको छ ।

| | |
|---|---|
| जेष्ठ नागरिक (दलित) | १९९ |
| जेष्ठ नागरिक (अन्य) | २२१७ |
| एकल महिला | २२ |
| विधवा | २१७६ |
| पूर्ण असक्त अपाङ्ग | १७८ |
| अति असक्त अपाङ्ग | १९० |
| लोपोन्मुख | ६ |
| दलित बालबालिका | २०० |
| **कुल जम्मा =** | **५१८८** |

गोदावरी नगरपालिका आ.व. ०७४/०७५ मा कुल जम्मा भत्ता वितरण रकम रु. ८ करोड ६९ लाख ६६ हजार ४ सय रूपयाँ मात्र भएको छ ।

## प्रमुख ठोस उपलब्धीहरू

### सामाजिक विकास तर्फ :

- ✓ एकिकृत शैक्षिक क्यालेण्डर लागू भएको ।
- ✓ पाटन जिल्ला अस्पताल सञ्चालनमा ल्याइएको ।
- ✓ CFIG (Child Friendly Local Governance) को कार्यक्रम अगाडि बढाएको ।
- ✓ नगरपालिकाको पार्श्वचित्र Municipal profile बनाउने कार्य सम्पन्न भएको ।

### भौतिक पूर्वाधार तर्फ :

- ✓ नगरपालिका प्रशासनिक भवन निर्मण कार्य सुरु भएको ।
- ✓ नगर यातायात गुरुयोजना (MTMP) बनाउने कार्य सम्पन्न भएको ।
- ✓ फुटबल रंगशाला (Statidum) को DPR बनाउने कार्य भइरहेको ।
- ✓ देवीचौर भ्यूटारको DPR बनाउने कार्य ।
- ✓ बडिखेल, भरुवारासी, ठैव, कुश्लेचौर वडामा कार्यालय भवनहरूको निर्माण अन्तिम चरणमा रहेको ।
- ✓ ऐतिहासिक गोदावरी कुण्ड तथा लामोकुण्ड निर्माण मर्मत र संरक्षण कार्य भइरहेको ।

- ✓ यस नगरपालिका क्षेत्रको चापागाँउ क्षेत्रमा रहेको यातायात सिन्डीकेट अन्त्य गरी चापागाँउ बस बज्रवाराही यातायात र अन्य यातायात सेवाको सुरुवात गरिएको ।
- ✓ गोदावरी–लगनखेल–रत्नपार्क साभा यातायात सञ्चालन गरिएको ।
- ✓ KUKL र नगरपालिकाको संयुक्त पहलमा मुलडोल, चारघरे र छम्पीमा बोरिङ्ग मार्फत् खानेपानी व्यवस्थापन गरिएको तथा नल्लु खानेपानी विस्तारको कार्य समेत अगाडि बढाइएको ।
- ✓ ललितपुरको पाटनमा रहेको जिल्ला अस्पताललाई स्थानन्तरण गरी गो.न.पा.–११, चापागाँउ, बज्रवाराहीमा स्थापना गरी कार्य सुचारु गरिएको ।
- ✓ योग शिविर भवन निर्माण प्रारम्भ भएको छ ।
- ✓ गोदावरी नगरपालिका खुल्ला दिशा मुक्त क्षेत्र (ODF) घोषणा भएको र आगामी दिनमा पूर्ण सरसफाईको लागि Landfill side collecion center र निजी क्षेत्र मार्फत् फोहोर व्यवस्थापन र सरसफाई कार्यक्रम अगाडि बढाइने ।
- ✓ यस नगरपालिका वडा नं. ९ छम्पीमा सार्वजनिक निजी पद्धतिमा नेशनल क्यान्सर अस्पताल एण्ड रिर्सच सेन्टर शुरु भएको ।
- ✓ अति विपन्न वर्गमा पर्ने नगरवासीको स्वास्थ्यमा आउने विभिन्न रोगहरुमध्ये मुटु क्यान्सर तथा मृगौला रोगीलाई नगरपालिकाले जनही रु. २५,०००|– हजारका दरले उपलब्ध गराउँदै आइरहेको छ । हालसम्म त्यस प्रकारका ७० जना व्यक्तिलाई उक्त सहयोग गरिसकेको छ ।
- ✓ ठैव, गोदामचौर, विशंखुनारायण, गोदावरी, टिकाभैरव, देवीचौर ६.५ मिटर बाटो रोकी राखेको बाटो शुरुवात भई हाल ठाउँ–ठाउँमा कालोपत्रे सम्पन्न भएको ।

## गोदावरी नगरपालिकाभित्र स्वास्थ्यको अवस्था

| | |
|---|---|
| अस्पताल नर्सिङ्ग होम संख्या | २ |
| पोलिक्लिनिक संख्या | २ |
| प्राथमिक स्वास्थ्य केन्द्र | २ |
| स्वास्थ्य चौकी | १० |
| नगर स्वास्थ्य क्लिनिक | १ |
| आयुर्वेद औषधालय | २ |

## जग्गा नापजाँच तर्फ

सार्वजनिक तथा व्यक्तिगत गरी कुल निवेदन संख्या १२०

फर्छौट संख्या ९०

बाँकी संख्या ३०

## पशु सेवा तर्फ आ.व. ०७४/०७५

| क्र.सं. | कार्यक्रमको विवरण | एकाई | परिमाण |
|---|---|---|---|
| १. | **पशु प्रजनन (कृतिम गर्भाधारण) कार्यक्रम** | | |
| | गाई | संख्या | ९१६ |
| | भैंसी | संख्या | १९३ |
| | बाख्रा | संख्या | १४ |
| | | **जम्मा** | **११२३** |
| २. | पशु आहारा कार्यक्रम गाई/भैसी/ बाख्रा/जै हिँउदे घास बिउ वितरण कार्यक्रम | **के.जी. २०००** | जम्मा २००० K.g. खरिद गरी वितरण भएको र वितरण कार्यक्रम गरिरहेको १४ वटै वडा हरूमा । |
| ३. | **पशु स्वास्थ्य उपचार** | | |
| | मेडिकल उपचार | संख्या | गाई, भैंसी, बाख्रा, पन्छी १३०० |
| | माईनर सर्जिकल उपचार | संख्या | गाई, भैंसी, बाख्रा, पन्छी १२५ |
| | गाइनोक्रोजिकल उपचार | संख्या | गाई, भैंसी, बाख्रा, पन्छी ८५ |
| ४. | **परजिवि नियन्त्रण आन्तरिक बाह्य** | संख्या | गाई, भैंसी, बाख्रा, पन्छी ५२५ |

## आय व्यय तर्फ

गत आ.व. ०७४/७५ मा यस गोदावरी नगरपालिका

**कुल आम्दानी = ६९३८२६९००।-**

आन्तरिक = ६,२०,९७९००।-

अनुदान = ६३,१७,२९०००।-

## खर्च तर्फ

चालु = ४१५२११०८३।७९

पूँजीगत = १७५१४७२२।८१

मौज्दात = १०२९०१०९४

## विपद्/वातावरण तथा सरसफाई

- ✓ कम्पोष्ट विन तथा डसविन वितरण गरिएको ।
- ✓ गोदावरी नगरपालिका भवन र रंगशालाको IE तथा EIA कार्य भएको ।
- ✓ गोदावरी तथा बज्रवाराही क्षेत्रको सरसफाई तथा सूचना मुलक होडिङ्ग बोर्ड राखेको ।
- ✓ विपद् व्यवस्थापन ऐन निर्माण भएको ।
- ✓ कोष सञ्चालन कार्यविधि निर्माण भएको ।
- ✓ विपद् व्यवस्थापन गुरुयोजना निर्माण अन्तिम चरणमा रहेको ।

## न्यायिक समिति

आ.व. ०७४/०७५ मा न्यायिक समितिमा निम्न उजुरहरु परी निम्नानुसार भएको छ ।

| | |
|---|---|
| न्यायिक समिति उजुरी संख्या | ८३ |
| फर्छौट संख्या | ६३ |
| फरफारक हुन बाँकी | २० |

## पुननिर्माण तर्फ

मिति २०७२ सालको भूकम्पमा परी लाभग्राही सूचिमा रहेका निम्नानुसार लाभग्राहीको आ.व. ०७४/०७५ मा निम्नानुसारको कार्य भएको छ।

| | |
|---|---|
| लाभग्राही संख्या | **9593** |
| सम्झौता सकेको संख्या | **7673** |
| सम्झौता हुन बाकी संख्या | **1920** |

**किस्ता प्राप्त संख्या**

| | |
|---|---|
| पहिलो | **7336** |
| दोस्रो | **1591** |
| तेस्रो | **1012** |

## गोदावरी नगरपालिकाको सवल पक्षहरू

गोदावरी नगरपालिकामा जनताबाट निर्वाचित पदाधिकारीहरुद्वारा जनताको माग अनुसार विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने । यस नगरपालिका प्राकृतिक रुपले सुन्दर भएको हुँदा हरियाली सहरको रुपमा विकास गर्न सकिने आवासिय र वातावरण मेत्री सहर, धार्मिक साँस्कृतिक सहरको रुपमा समेत विकास गर्न सकिने । साथै यस नगरपालिकालाई Intergrated Development plan निर्माण गर्न थालनी भएको छ ।

## कमजोर पक्षहरू

कमजोर भिरालो जमिन, साँघुरो सडक गल्लीहरु अव्यवस्थित घर निर्माण र श्रोत साधनको अभावको सार्वजनिक सम्पत्ति मठ, मन्दिर, खोला, कुलो अतिक्रमण हुनु । जनसहभागिता न्यून र

नगरपालिका एवं सरकारी पक्षको मुख ताक्ने मात्र प्रवृत्तिले गुणस्तरीय विकासमा कठिनाई जस्ता कमजोर पक्षहरु यथावत रहेका छन् ।

## अन्त्यमा,

नगरपालिका हामी सबैको हो । हामी सबै नगरपालिकाका हौ । आ-आफ्नो क्षेत्रबाट नगरपालिकालाई सम्वृद्ध बनाउन योगदानको आवश्यकता छ । सबै जुट्यौ भने हाम्रो गोदावरी, राम्रो गोदावरी हुन सक्ने छ ।

धन्यवाद !